नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्यास नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्र संख्याः ०७९/८०
चलानी नं.

मितिः २०८०/०२/१८

## सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्न निषेध गरिएको बारे अत्यन्त जरुरी सूचना।

सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ती सेवन गर्न निषेध गर्ने व्यवस्था प्रभावकारीरुपमा कार्यान्वयन गर्ने सम्बन्धमा गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाको च.नं. ९२४, मिति २०८०/०२/१६ गतेको पत्रमार्फत सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि लेखी आएबमोजिम सार्वजनिक स्थलमा चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ती, खैनी, गुट्खा, सूर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राखे, त्यस्तो पदार्थको नशा लिने वा सेवन गर्ने कार्य निषेत्ध गरिएको छ। सार्वजनिक स्थलमा धुम्रपान र सूर्तीजन्य पदार्थको प्रयोग नगर्ने, अन्य व्यक्तिबाट हुने प्रयोगलाई निरुत्साहित गर्ने, सार्वजनिक स्थललाई धुम्रपान तथा सूर्तिजन्य पदार्थ मुक्त गर्ने/गराउने कार्यका लागि गरिने नियमन तथा नियन्त्रणसम्बन्धी कार्यमा सहयोग गर्न सम्बद्ध सबैमा अनुरोध गरिन्छ।

प्रचलित कानून, सदाचार र सार्वजनिक हित तथा भलाइका दृष्टिले सार्वजनिक स्थललाई धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन नगर्ने स्थल बनाउन सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ समेतका आधारमा कानून उल्लङ्घन गर्ने व्यक्तिलाई सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा तोकिएबमोजिमको जरिवाना समेत हुने व्यहोरा सूचित गरिन्छ।

सर्बसाधारण जनताको स्वास्थ्य,सुविधा र आर्थिक हितको अभिवृद्धि गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय, कालीकोट जिल्लावासीमा विशेष आह्वान गर्दछ।

ऐजन ऐन बमोजिम सार्वजनिक स्थलहरु निम्न बमोजिम रहेको व्यहोरा समेत जानकारी गराइन्छः-

- ✓ राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,
- ✓ शिक्षण संस्था, पुस्तकालय, तालिम वा स्वास्थ्यसम्बन्धी संस्था,
- ✓ विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,
- ✓ बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,
- ✓ सार्वजनिक शौचालय,
- ✓ उद्योग तथा कल कारखानाका कार्यस्थल,
- ✓ चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,
- ✓ होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेना गृह, लज, छात्र वा छात्रावास तथा अथिति गृह,
- ✓ रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,
- ✓ डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,
- ✓ धर्मशाला तथा धार्मिक स्थल,
- ✓ सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर,
- ✓ यस्तै प्रकृतिका अन्य सार्वजनिक स्थल।

*नोटः- माथि उल्लेख गरिएको स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्बेदनशीलतालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ।*

सहायक प्रमुख जिल्ला अधिकारी